म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २४० बुधबार २८ चैत २०८० ने. सं. ११४४ चौलाथ्व 10 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दुई महिनादेखि हराएका राक्सिराङका प्रजाको शव भेटियो

हेटौंडा, २७ चैत/मकवानपुरको विकट क्षेत्र राक्सिराङ गाउँपालिकाको एक सामुदायिक वनमा कंकाल सहितको शव फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । राक्सिराङ-३ लावतीस्थित गुफादेवी सामुदायिक वनमा स्थानीय एक व्यक्तिको शव फेला परेको र मृतकको पहिचान कपडाको आधारमा भएको प्रहरीले जनाएको छ । शव स्थानीय २५ वर्षीय गोविन्द प्रजाको रहेको मकवानपुर प्रहरीप्रवक्ता प्रहरी नायबउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । प्रजा करिक दुई महिनादेखि हराएका थिए । शव फेला परेको व्यक्ति फागुन ९ गतेदेखि हराइरहेको र मंगलबार कंकाल सहितको अवस्थामा शव घरबाट उत्तरतर्फ रहेको वनमा फेला परेको जनाइएको छ । शव पोस्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको र घटनाको आवश्यक अनुसन्धान भइरहेको डिएसपी भण्डारीले बताए ।

# बागमतीमा प्रभावकारी बन्दै 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै'

निशा गुरुङ

हेटौंडा, २७ चैत/ बागमती प्रदेशका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम प्रभावकारी बन्न थालेको छ । प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गतको शिक्षा विकास निर्देशनालय हेटौंडाले चालु आर्थिक वर्ष २०८०/८१ मा लागु गरेको यो कार्यक्रम प्रभावकारी बन्दै गएका हुन् ।



चालु आवको माघ महिनाबाट लागु भएको कार्यक्रम हाल प्रदेशका १३ वटै जिल्लाका ३० वटा विद्यालयमा सञ्चालन भइरहेको शिक्षा विकास निर्देशनालयका निर्देशक दीपेन्द्र सुवेदीले जानकारी दिए । कार्यक्रमले विद्यार्थीमा उत्साह बढाउनुका साथै ड्रपआउट हुने समस्याको पनि अन्त्य भएको निर्देशक सुवेदीले बताए । 'सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रमले विद्यार्थीमा उत्साह बढाउनुका साथै केही सिक्ने र कमाउने बाटो बन्ने भएको छ । यो कार्यक्रम सञ्चालन गरेको छोटो समयभित्रै प्रभावकारी बन्न थालेको छ,' निर्देशक सुवेदीले भने, 'अब हामी केही समयमै कार्यक्रम सञ्चालन भएका विद्यालय अनुगमनमा जानेछौं र प्रदेशका थप विद्यालयमा कार्यक्रम सञ्चालन गर्ने तयारी गर्नेछौं ।'

प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको 'ड्रिम भिजन' का रुपमा तयार पारिएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को दफा ४ (३) बमोजिमको आधार पूरा गरेका सामुदायिक माध्यमिक विद्यालयलाई छनोट गरेर कार्यक्रम सञ्चालन गरिएको निर्देशक सुवेदीले बताए । शिक्षा व्यवहारिक र जीविकोपार्जनसँग जोड्ने उद्देश्यले प्रदेशका विद्यालयमा निर्देशनालयले कूल एक करोड ८१ लाख ५० हजार रुपैयाँ खर्च गरेर विद्यालयमा आएका विद्यार्थीलाई जीविकोपार्जनमा जोड्ने गरी कार्यक्रम सञ्चालन गरिएको निर्देशक सुवेदीले जानकारी दिए ।

कार्यक्रमका लागि प्रतिविद्यालयले ६/६ लाख रुपैयाँ पाउने छन् । कार्यक्रमका लागि छनोट भएका विद्यालयलाई पहिलो किस्ताबापत शिक्षा निर्देशनालयले २/२ लाख रुपैयाँ उपलब्ध गराइएको निर्देशक सुवेदीले बताए । विशेषगरी विद्यार्थीलाई कृषि र प्रविधिसँग जोड्ने कार्यक्रमका लागि लगानी गर्ने र त्यसबाट भएको आम्दानीको ५० प्रतिशत विद्यालयको कोषमा राख्ने र ५० प्रतिशत विद्यार्थीलाई उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गरिएको निर्देशक सुबेदीले बताए । सामुदायिक विद्यालयले विद्यार्थीलाई कृषि र पशुपालनसँग सम्बन्धित काम गराउनका लागि सहज हुने र यसै कार्यक्रममा पनि जोड दिइएको उनले बताए ।

गत आवमा यो कार्यक्रम सामाजिक विकास मन्त्रालयले गरेको र चालु आवमा भने यो कार्यक्रम निर्देशनालयले सञ्चालन गरेको छ । विद्यार्थी विद्यालयमा पढेर बाहिर निस्कँदा जीविकोपार्जन गर्न सकोस् भन्ने उद्देश्यले यो कार्यक्रम सुरु गरिएको बताइएको छ । हाल सञ्चालन भइरहेको विद्यालयमा कृषि, ईन्जिनियरिङसम्बन्धी, पर्यटन उद्योग, वन तथा वातावरण, चित्रकला, सिलााई बुनाई, टपरी गाँस्ने, अटोमोबाइल, व्यावसायिक क्षेत्र र विद्यालयको हावापानी भुगोल अनुसार विद्यालयले कार्यक्रम सञ्चालन गरिरहेको जनाइएको छ ।

## मनहरीका युवालाई कपाल काट्ने तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ मकवानपुरको मनहरी गाउँपालिका भित्रका युवालाई कपाल काट्ने तालिम सुरु गरिएको छ । गाउँपालिकाले युवालाई स्वरोजगार बनाउने उद्देश्यका साथ कपाल काट्ने तालिमको सुरुवात गरेको हो ।

मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले तालिमको उद्घाटन गरेका हुन् । अध्यक्ष कालाखेतीले युवालाई स्वरोजगार बनाउँदै आत्मनिर्भर बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको बताए । सीपको सदुपयोग गरी व्यावसायिकरुपमा अघि बढ्न सहभागीलाई अनुरोध गर्दै उनले गाउँपालिकाले आवश्यक सहयोग गर्न तयार रहेको बताए ।

गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरले तालिमको उद्देश्यअनुरुप सीप सिक्दै व्यवहारमा उतार्न अनुरोध गरिन् । आगामी दिनमा थप तालिमको माग भए विशेष प्राथमिकताका साथ योजना तथा वजेट विनियोजन गरिने उनले प्रतिबद्धता व्यक्त गरिन् । मनहरी-३ का वडाअध्यक्ष एम् सामाजिक विकास समिति संयोजक अनन्तप्रकाश अर्यालको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा १ नम्बर वडाअध्यक्ष शिवप्रसाद खनाल, ८ नम्बर वडाअध्यक्ष नारायण उप्रेती, ९ नम्बर वडाअध्यक्ष राजकुमार श्रेष्ठ, वरिष्ठ लेखाअधिकृत राजेन्द्र भट्टराई लगायतको आतिथ्यता रहेको थियो ।

मनहरी गाउँपालिकाका उद्यम विकास सहजकर्ता सम्झना दंगालका अनुसार सहभागी ४० जनाले ३ सय ८ घण्टे तालिम लिनेछन् । तालिमलाई इम्मानुएल अनसेक्स सैलुनले समन्वय गरेको हो ।

# मेयर कपः हेटौंडा-१ र १५ नम्बर वडा विजयी

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ मेयर कप वडास्तरीय फुटबल प्रतियोगिता-२०८० अन्तर्गत् मंगलबार भएको खेलमा हेटौंडा वडा नम्बर १ र १५ विजयी भएको छ ।



हेटौंडा-५ स्थित पिप्ले क्याम्पा खेलमैदानमा जारी प्रतियोगितामा हेटौंडा-१ ले १७ नम्बर वडालाई र हेटौंडा-१५ ले २ नम्बर वडालाई पराजित गर्दै अघिल्लो चरणको यात्रा सुनिश्चित गरेको हो । १ नम्बर वडाले १७ नम्बरलाई पेनाल्टी सुटआउटमा पराजित गर्दा हेटौंडा-१५ ले २ नम्बर वडामाथि ५-० गोल अन्तरलको फराकिलो जित दर्ता गराएको थियो ।

निर्धारित समय १-१ गोलको बराबरीमा टुंगिएपछि पेनाल्टीमा १ नम्बर वडा ५-४ गोलअन्तरमा विजयी भएको हो । खेलमा १ नम्बर वडाका विश्व लामा म्यान अफ दी म्याच घोषित भए । उनले केल्मीको तर्फबाट विशेष उपहार प्राप्त गरे । यसैगरी, हेटौंडा-१५ को तर्फबाट रिकेश श्रेष्ठले खेलको २० र ४८ औं मिनेटमा, विश्वास ब्लोनले २८ र ३५ औं मिनेटमा तथा अनिष लामाले खेलको ४१ औं मिनेटमा गोल गरेका थिए । खेलमा विश्वास ब्लोन म्यान अफ दी म्याच घोषित भए । उनलाई केल्मी शोरुम हेटौंडाले विशेष उपहार प्रदान गरेको थियो ।

हेटौंडामा जारी यस प्रतियोगितामा उपमहानगरभित्रका १९ वटा वडाको सहभागिता रहेको छ । नगर खेलकुद विकास समिति हेटौंडाको आयोजनामा जारी प्रतियोगिताको विजेताले नगद २ लाख र उपविजेताले नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## एक दिवसीय सहकारी शिक्षा शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ मकवानपुरगढी गाउँपालिका-५ सिमलटारस्थित जनजागृति बहुउद्देश्यीय सहकारी संस्थाले एक दिवशीय सहकारी शिक्षा शिविर सञ्चालन गरेको छ ।

दुग्ध संकलन र बिक्री गर्दै आइरहेको सहकारीले शेयर सदस्य र किसानलाई सहकारी शिक्षा, पशुस्वास्थ्य र वीमासम्बन्धी जानकारी गराएको हो । संस्थाका अध्यक्ष हिरामणि दाहालको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरगढी गाउँपालिका पशुशाखाप्रमुख सत्यनारायण साहले गाईवस्तु र भैंसीहरुमा लाग्ने रोग, त्यसको निराकरण, बच्ने उपाय जस्ता विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । किसानबाट उठेका सवालका जवाफ कार्यक्रममा दिइएको थियो ।

त्यस्तै, शिखर इन्स्योरेन्स हेटौंडा शाखाप्रमुख प्रमोद पोखरेलले समग्र वीमाका विषयमा सहजीकरण गरेका थिए भने मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका प्राविधिक गोविन्द तिमल्सिनाले दुध र दुग्धजन्यपदार्थको गुणस्तर कस्तो हुनुपर्छ, फ्याट, एसएनएफको विषयका साथै सफा र गुणस्तर दुध कस्तो हुन्छ र कसरी बनाउने विषयमा कार्यपत्र प्रस्तुत गरी किसानलाई जानकारी दिइएको थियो । कार्यक्रममा संस्थाका पदाधिकारी, सल्लाहकार सहित किसानको सहभागिता रहेको संस्थाका व्यवस्थापक राजन घिमिरेले बताए ।

## इन्द्रायणी माविमा शतप्रतिशत निःशुल्क शिक्षा लागू गरिने

साझाकुरा संवाददाता


हेटौंडा, २७ चैत/थाहा नगरपालिका-८ मोरियामा रहेको इन्द्रायणी माविले विद्यार्थी विद्यालयमा अध्ययन गरे वापत कुनैपनि किसिमको चन्दा रकम नलिने निर्णय गरेको छ ।




विद्यालय व्यवस्थापन समितिका नवनिर्वाचित अध्यक्ष हेमकुमार थिङको अध्यक्षतामा बसेको बैठकले यस्तो निर्णय गरेको हो । शैक्षिक सत्र २०८१ बाट विद्यालयले लिँदै आएको सबै किकिसमको चन्दा तथा आर्थिक सहयोग नलिने निर्णय भएको प्रधानाध्यापक नारायणबहादुर कार्कीले जानकारी दिए । 'विद्यालय शिक्षा निःशुल्क भनेपनि विभिन्न शीर्षकमा चन्दाका रुपमा रकम असुल्ने गरेको छ, हामीले त्यो पनि पूर्णतः नलिने भयौं,' अध्यक्ष थिङले भने ।

अनिवार्य तथा निःशुल्क शिक्षा पालिका घोषणालाई समेत विद्यालयको निर्णयले सहयोग पुग्ने उनको भनाइ छ । कानूनतः विद्यालय शिक्षा निःशुल्क घोषणा गरेपनि सामुदायिक विद्यालयहरुले परीक्षा शुल्क, अतिरिक्त कक्षा शुल्कलगायतको शीर्षकमा शुल्क लिँदै आएका छन् । विद्यालयको भैपरी आउने खर्च तथा प्रशासनिक खर्चहरुमा वडा कार्यालयले खर्च गर्ने प्रधानाध्यापक कार्कीले जानकारी दिए । त्यसो त विद्यालयमा पालिकाका शिक्षाशाखाबाट पनि प्रशासनिक खर्च पठाउने गरिएको छ ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9


Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
ENTRANCE
4 Baisakh 2081
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# गुन्द्रुक ब्राण्डिङ

काठमाडौंका पाँचतारे होटलमा आउने विदेशी पाहुनालाई माउन्टेन सुप भनेर गुन्द्रुकको झोल दिइन्छ । बिडम्बना त्यही गुन्द्रुक बाहिरबाट आयात गरिन्छ । नेपालका ग्रामीण क्षेत्रका हरेक घरमा गुन्द्रुक उत्पादन गरिन्छ । तर, त्यो व्यवसायिक बनेको छैन । ग्रामीण क्षेत्रमा सागपातको सिजनमा तयार गरिएको गुन्द्रुक तरकारीको अफ सिजनमा उपभोग गर्ने गरेका छन् । गुन्द्रुक, मस्यौरा, सन्दना, सिन्की आदि अफसिजनका तरकारी हुन् । छाक टार्ने उद्देश्यले मात्र उत्पादन हुने गुन्द्रुकको ब्यावसायिक उत्पादन सुरु भएको समाचार आएको छ । हेटौंडा उपमहानगरको सहयोगमा उत्पादन थालिएको गुन्द्रुकले सरकारी मान्यता प्राप्त गरेको छ । हेटौंडा-१२ घलेगाउँमा रहेको कञ्चनजंगा कृषि सहकारी संस्था लघुउद्यमी उद्योगले उत्पादन थालेको अर्गानिक गुन्द्रुक प्रयोगका लागि सरकारी मान्यता प्राप्त गरेको हो । लघुउद्यमीले उत्पादन गरेको गुन्द्रुक उपभोगका लागि उपयुक्त भएको भन्दै हेटौंडास्थित खाद्यप्रबिधि तथा गुणनियन्त्रण कार्यालयले अनुज्ञापत्र दिएको छ ।

उपमहानगरमा आयोजित पत्रकार सम्मेलनमा उपमहानगरले सञ्चालन गरेको तालिमबाट उद्यममा लागेको साना व्यवसायीमध्ये गुन्द्रुक उद्योगले पहिलोपटक सरकारी गुणस्तरको मान्यता प्राप्त गरेको बताइएको छ । मान्यता प्राप्त गरेसँगै उपभोक्ताबीचमा बिक्रीका लागि बाटो खुलेको छ । करिब चार महिनाको परीक्षण र निगरानीपश्चात खाद्यप्रबिधि तथा गुणनियन्त्रण कार्यालयले गुन्द्रुक प्रयोगका लागि योग्य रहेकोले अनुज्ञापत्र दिएका उपमहानगरका उद्योग शाखाले जनाएको छ । उपमहानगरपालिकाको १ लाख रुपैयाँबाट स्थानीयले अर्गानिक साग उत्पादन गरेका थिए । त्यही सागलाई प्रशोधन गरी बनाएको गुन्द्रुकले बजारीकरणका लागि स्वीकृति पाउँदा आफूहरु निकै खुशी भएको उद्यमी समूहले जनाएको छ । गाउँमा आयआर्जनका लागि केही काम नभइ बसेका महिलालाई उपमहानगरले कामका लागि दिएको हौसलाले अहिलेको अवस्था आएको बताइएको छ । बिनाकाम समय खेर गइरहेको अवस्था थियो तर, उपमहानगरले काम गर्नका लागि लगानी गरिदिने भनेपछि गुन्द्रुकको काम थालेको उनीहरुले बताएका छन् । उपमहानगरको १ लाख रुपैयाँ र सहकारीको ८० हजार रुपैयाँबाट १५ कठ्ठा जमिन भाडामा लिएर साग खेती गरिएको उनीहरुले बताएका छन् । काम गर्न लाज नमान्ने हो भने समाजमा केही गर्न सकिन्छ भन्ने सन्देश यो समूहले दिएको छ । गुन्द्रुकको उत्पादन गरेर मात्र बजारमा बिक्रीका लागि लैजान समस्या थियो । अनुज्ञापत्र नहुँदा बजारमा लैजान नपाएर गाउँमै अहिले करिब ३ लाख रुपैयाँको गुन्द्रुक घरमै राखेको उनीहरुले बताएका छन् । अब बजारीकरणको बाटो खुलेको छ, उपमहानगरले सहयोग गरे हामी समूहमा रहेका १२ जनाले गरेको कामले सार्थकता पाउँने उनीहरुले बताएका छन् । गत असोजमा कामको लागि सम्झौता गरेसँगै समूहले मंसिरबाट गुन्द्रुकको उत्पादन थालेका थियो ।

उद्योग शाखाको तथ्याङ्कअनुसार उपमहानगरले ८०० भन्दा बढीलाई विभिन्न प्रकारका तालिम दिएपनि अहिले २६८ जना उद्यममा जोडिएको पाइएको छ । हेटौंडामा उत्पादन भएको गुन्द्रुकको बजारीकरणमा उपमहानगरले सहयोग गर्ने भएको छ । हेटौंडा नगरसहित अन्य सम्भावना भएका बजारमा गुन्द्रुकको बजारीकरणका लागि सहयोग गर्ने उपमहानगरको प्रतिबद्धता छ । पहिलो चरणमा हेटौंडामा रहेको साना तथा ठुलो होटलमा यहाँको उत्पादनलाई राख्नका लागि पहल गर्ने र मुलुकका ठूला सहरमा बिक्रीका लागि पहल गर्ने बताइएको छ । उपमहानगरले लगानी गरेर घेरै तालिम तथा अन्तरक्रिया गरेपनि अहिले गरेको सानो लगानीले यहाँका महिलालाई उद्यमी बनाउन मद्दत पुगेको छ । उपमहानगरको लगानीमा हेटौंडामा सञ्चालन भएको कोशेली घरमार्फत् स्थानीय उत्पादनलाई बजारीकरणमा सहयोग गरिने बताइएको छ । स्थानीय उत्पादनलाई बजारीकरण गर्ने तयारीअनुसार मकवानपुका होटल व्यवसायीसँग छलफल सुरु भएको छ । बाहिरबाट आयात गरिएको गुन्द्रुकभन्दा यहाँको उत्पादन बिक्रीका लागि पहल गर्ने प्रतिबद्धता होटल व्यवसायीले जनाएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २९ गते बिहीबार ११ अप्रिल २०२४ । तृतीया चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४५, सूर्यास्त ६:२६ । मत्स्यनारायण मेला । मत्स्य जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : पश्चात्ताप लाग्नेछ | **तुला** | : अधिक परिश्रम गर्नु पर्नेछ |
| **वृष** | : शारीरिक आलस्यता बढ्नेछ | **वृश्चिक** | : मेहनतको फल पाइनेछ |
| **मिथुन** | : सकारात्मक सोचाइ रहनेछ | **धनु** | : कार्यभार र व्यस्तता बढ्नेछ |
| **कर्कट** | : दया मायाका कार्य हुनेछन् | **मकर** | : व्यापार-व्यवसाय सामान्य रहनेछ |
| **सिंह** | : धार्मिक आस्था बढ्नेछ | **कुम्भ** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ |
| **कन्या** | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ | **मीन** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ |

# लोकतन्त्रका मानक राष्ट्र कहाँ छन्, नेपाल कहाँ छ ?



✍ खिमलाल देवकोटा

सन् १९४७, जतिवेला भारत स्वतन्त्र हुँदैथियो, नेपालमा राणाशासन अन्त्यको आन्दोलनको सुरसार हुँदैथियो । उता चीनमा जनवादी गणतन्त्रको जग बसाल्ने सुरसार मात्रै हुँदैथियो । बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलले ऐलान गरिदिए कि यो पापी दुनियाँमा धेरै प्रकारका सरकारहरूको अभ्यास र परीक्षण भयो तर कसैले पनि यो दाबी गर्न सक्दैन कि लोकतन्त्र विवेकी र उत्कृष्ट व्यवस्था भएका कारणले यसलाई अपनाइएको हो । योभन्दा असल व्यवस्था नभएका कारणले यसलाई अनुसरण गर्नु परेको हो ।

चर्चिलले यस्तो ऐलान गरेको आज ७७ वर्ष पुग्यो । तर त्यही खराब भनिएको व्यवस्था आजको दुनियाँमा लोकतन्त्रको निम्ति असल मानक बनेको छ । त्यही खराब व्यवस्थाको पनि परिपालना भएन भन्ने दुनियाँको चिन्ता छ । त्यसै चिन्ताका वरिपरि भौंतारिएको नेपाली लोकतन्त्रका बारेमा चर्चा गर्ने प्रयत्न यस लेखमा गरिएको छ ।

नेपालको लोकतन्त्रको चर्चा गर्नुभन्दा अघि विश्व लोकतन्त्रको चर्चा गरौं । विश्व लोकतन्त्रको मानक बनाइएको मुलुक अमेरिका जहाँ लोकतन्त्रको ६०औं चुनावको सरगर्मी चलेको छ । चुनावका मुख्य हस्तीका रूपमा अघिल्लो निर्वाचनमा दोस्रो जित हासिल गर्न नसकेका डोनाल्ड ट्रम्प मैदानमा छन् । उनका प्रतिस्पर्धीका रूपमा अघिल्लो चुनावमा उनै ट्रम्पलाई हराएका जो बाइडेन पुनः मैदानमा उत्रिने भएका छन् ।

सबैलाई भलिभाँती जानकारी नै छ कि सन् २०२० को निर्वाचनमा धाँधली भयो भन्ने आरोप लगाउने ट्रम्प यस पटकका पनि सम्भावित उम्मेदवार हुन् । आगामी चुनावमा पनि परिणाम आफ्नो पक्षमा नपरेमा निर्वाचन प्रक्रिया बिथोल्ने, निर्वाचन परिणाम अस्वीकार गर्ने र सोका निम्ति जुनसुकै हर्कत गर्न पनि पछि नपर्ने निर्वाचन सुरक्षा विज्ञहरूले चेतावनी दिएका छन् । यति मात्र हैन, सन् २०२० कै चुनावमा विदेशी हस्तक्षेप त्यसमा पनि रूसी हस्तक्षेपको आरोप लागेको थियो । सो सम्भावना आगामी निर्वाचनमा झन् बढेर जानेछ । वैदेशिक हस्तक्षेपको सम्भावना काफी मात्रामा छ भन्ने संकेतहरू देखिन थालेका छन् । एकातिर अमेरिकाको घरेलु राजनीति गहिरो संकटबाटै गुज्रिएको छ भने अर्कोतिर अनियन्त्रित सामाजिक सञ्जाल प्रयोगको दुरुपयोग, त्यसमाथि प्रतिबन्ध लगाउन गरिने तमाम प्रयत्नहरू झगडाको बीउहरू रहने छन् ।

सबैभन्दा खतरनाक सम्भावना त आर्टिफिसियल इन्टेलिजेन्टको उदयको छ जसको प्रयोग र दुरुपयोगको प्रतिस्पर्धामा चुनावी परिणाम भर गर्नेछ । अप्रिल फुलकै दिन पारेर न्यूयोर्क टाइम्सले केही समाचार छाप्यो । उसले दाबी गऱ्यो कि चिनियाँ र रूसीहरूले अमेरिकाको निर्वाचनका विरुद्ध षड्यन्त्र गर्दैछन्, सामाजिक सञ्जालहरूमा ट्रम्प समर्थक थुप्रै नक्कली खाताहरू खोलेर भ्रमपूर्ण सूचनाहरू सम्प्रेषण गर्दैछन् । यतिसम्म भ्रमपूर्ण सूचना कि चुनाव अघि नै नोभेम्बरमा नै राष्ट्रपति वाइडेनमाथि आक्रमण हुनेछ, युक्रेन युद्ध भड्काउने बारेमा कुराहरू भएका छन् र नाटोबाट फिर्ता हुने डोनाल्ड ट्रम्पको योजना सार्वजनिक हुनेछ लगायत ।

यस्ता समाचारहरूले अमेरिकी आन्तरिक राजनीति र सुरक्षाको आकलन गर्न सकिन्छ । गर्भपतन, आप्रवासी समस्या, अमेरिकी अर्थतन्त्र जस्ता राजनैतिक मुद्दाहरू अब ओझेल पर्नेछन् भन्ने पूर्वानुमान हुँदैछ । अब राजनैतिक एजेन्डामा चुनाव हुन कठिन छ । धाँधली, बल प्रयोग, कब्जा, षड्यन्त्र र विपक्षीको शारीरिक वा चारित्रिक हत्या अब बलशाली साधन बन्न थालेका छन् । अमेरिकाको आमने-सामनेमा युद्ध मैदानमा रहेको अर्को मुलुक हो रसियन फेडेरेशन जहाँ विगत वर्षदेखि नै भ्लादिमिर पुटिन राष्ट्रपतिका रूपमा छन् । त्यो मुलुकमा पनि भर्खरै मार्च १५ देखि १७ सम्म निर्वाचन सम्पन्न भयो । यो आठौं राष्ट्रपतीय निर्वाचन थियो । पाँचौं कार्यकालका लागि लडेको निर्वाचनमा कुल खसेको मतको ८८ प्रतिशत मत पुटिनले प्राप्त गरे । उनका प्रतिद्वन्द्वीले भने जम्मा ४ प्रतिशत मात्रै मत प्राप्त गरे । आगामी मे महिनाको ७ तारिखमा उनले पाँचौं कार्यकालका लागि राष्ट्रपतिका रूपमा पदभार पुनः ग्रहण गर्नेछन् ।

निर्वाचनका लागि युद्ध विरोधी मञ्चका नेताको रूपमा पूर्व सांसद वोरिस, रूसी कम्युनिस्ट पार्टीका नेता निकोले खारिटोनोभ, लिबरल डेमोक्रेटिक पार्टीका लियोनिद, न्यु पिपुल्स पार्टीका भ्लादिस्लाव समेतले उम्मेदवारी घोषणा गरेर चुनावी मैदानमा उत्रिएका थिए । तर निर्वाचन आयोगले तिनको उम्मेदवारी विभिन्न कारण देखाउँदै रोकेको थियो । प्रमुख प्रतिद्वन्द्वीका रूपमा देखिएका एलेक्सेई निर्वाचनको दौरानमा पक्राउ गरी जेलमा राखियो र पछि उनको जेलमा नै मृत्यु भयो । अन्य निर्वाचनमा खडा भएका उम्मेदवारहरूको मनोनयनपत्रमा समर्थक र प्रस्तावकहरूको वैधतामाथि प्रश्न उठाउँदै उनीहरूको उम्मेदवारी खारेज गर्ने काम निर्वाचन आयोगले गरेको थियो ।

अन्ततः निर्वाचनमा खडा भएका चार मध्ये एकको उम्मेदवारी खारेज, एक निर्वाचनका बखत पक्राउ गरी जेल चलान गरेकोमा जेलमा नै मृत्यु, बाँकी रहेका दुईमध्ये एक निकोलाई खारिटोनोभ कम्युनिस्ट नेताले ३७ लाख ६८ हजार ४७० मत अर्थात् ४.३७ प्रतिशतका विरुद्ध भ्लादिमिर पुटिनले ७ करोड ६२ लाख ७७ हजार ७०८ अर्थात् ८८.४८ प्रतिशत मत प्राप्त गरी विजयी घोषणा गरिएको अवस्था छ । यो निर्वाचनका बारेमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको टिप्पणी निकै कडा छ ।

अर्को शक्तिशाली मुलुक भारत जहाँ निर्वाचनको माहौल जारी छ । लामो समयदेखि नै नरेन्द्र मोदी प्रधानमन्त्रीका रूपमा छन् । यतिबेला उनी चौधौं प्रधानमन्त्रीका रूपमा कार्यभार सम्हाल्दै छन् । अबको निर्वाचनवाट उनी पनौं प्रधानमन्त्रीका रूपमा भारतको नेतृत्व गर्ने करिब करिब निश्चितै छ । निर्वाचित अधिनायकवादीका रूपमा उदाएका मोदी विपक्षीप्रतिको असहिष्णु व्यवहारका कारण आलोचित बन्दै आएका छन् । जतिसुकै आलोचित भए पनि सामाजिक सञ्जालमाथिको कब्जा, सञ्चारमाध्यम उपरको एकाधिकार र विपक्षीमाथिको कारबाहीको डण्डा उनका चुनाव जित्ने हतियार बनेका छन् । सन् २०२३ को अन्त्यसम्ममा एकै अधिवेशनमा १४६ सांसदहरू निलम्बन भए । निलम्बनको कारण सरकारको विरोध गरेर सुरक्षा र व्यवस्थामा खतरा पुऱ्याउन खोजेको भन्ने थियो ।

त्यसो त राजिव गान्धी प्रधानमन्त्री भएका बखत सन् १९८९ मा ६३ सांसदहरू निलम्बनमा परेको अवस्था भने थियो । निर्वाचनकै दौरानमा मोदीलाई टक्कर दिनसक्ने ठानिएका आम आदमी पार्टीका नेता तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल अहिले जेलमा छन् । सन् १९५० मा जन्मिएका सन् २००० मा गुजरातको मुख्य मन्त्री हुँदा गुजरात काण्डमा दोषी ठहर भई अमेरिका लगायतका मुलुकहरूले भिसा अस्वीकार गरेका उनै नरेन्द्र मोदी २०१४ मा प्रधानमन्त्री भएदेखि निरन्तर सत्तामा र निरन्तर प्रधानमन्त्रीका रूपमा छन् । यसपछिको निर्वाचनमा पनि विजयी भई एकल बहुमतको प्रधानमन्त्री हुने पक्का जस्तै छ ।

मोदीको लगातार जित तर, यो जनादेशलाई लोकतन्त्रको मृत्यु र तानाशाहीको विजयका रूपमा अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले उद्धृत गर्ने गरेका छन् । अमेरिका वेस फ्रिडम हाउस रिपोर्ट २०२४ ले भारतलाई अर्ध स्वतन्त्रता भएको देशका रूपमा उल्लेख गर्दै एक खराब अधिनायकवादी मुलुकको मार्गमा उद्यत रहेको बताएको छ । स्विडेन आधारित एक संस्थाले सन् २०१८ मा नै निर्वाचित निरंकुश शासकका रूपमा चित्रित गरेको थियो । इकोनोमिक इन्टेलिजेन्ट युनिटले आफ्नो लोकतन्त्रको सूचकांकमा २०२२ मा नै भारतलाई फल्टी लोकतन्त्रका रूपमा चित्रित गरेको थियो ।

निर्वाचित अधिनायकवादीहरूका बीचमा नेपाल छ । उत्तर छिमेकी चीन कम्युनिस्ट मुलुक भइकन पनि मिति नबिराइकन पाँच वर्षमा पार्टीको महाधिवेशन हुने र हरेक पाँच वर्षमा हुने महाधिवेशनमा एकतिहाइ सदस्य बिदा हुने अर्को एक तिहाइ सदस्य नयाँ आउने र हरेकको कार्यकाल अधिकतम दुई कार्यकाल मात्रै हुने कुराले सबैका लागि अवसर भन्ने स्थापित गरेको थियो तर सी जिङ पिङको उदयपछि उनको हकमा यो अवधि लागू नहुने भएको छ ।

झन्डै विश्वको आधा जनसंख्या निर्वाचित अधिनायकवादको यात्रामा लिप्त छ । संसारमा यतिवेला दक्षिणपन्थ हावी छ । त्यसै सेरोफेरोमा नेपाल छ । नेपाल जस्ता मुलुकहरूले लोकतन्त्रको मानक बनाउने मुलुक तिनै हुन्, अरू छैनन् । भारतलाई सबैभन्दा ठूलो लोकतन्त्र, अमेरिकालाई प्रतिस्पर्धी लोकतन्त्र, चीन र रूसलाई आधुनिक लोकतन्त्रको क्याटेगोरीमा राख्न नेपाल बाध्य छ ।

उपरोक्त पृष्ठभूमिमा नेपालको लोकतन्त्रका बारेमा चर्चा गर्नु पर्दा हामीलाई दुःख लाग्छ । तर त्यो स्तरको स्खलन नेपालमा आएको छैन भन्न करै लाग्छ । तैपनि हामी नेपालको लोकतन्त्रका बारेमा वाक्क भएका छौं । नेपालको निर्वाचन प्राणाली महँगो भयो, यसलाई बदल्नुपर्छ भन्ने आवाज उठाइरहेका छौं । नेपालको राजनीतिका हजार कमजोरी होलान् तर तिनीहरू आदर्श मानिएका मुलुकका तुलनामा कमै छन् कि भन्नुपर्ने अवस्थामा हामी छौं ।

मुलुक बनेन किन बनेन, बन्छ कि बन्दैन, बन्दैन भन्ने निष्कर्षका आधारमा युवा जमात आदर्श मानेका मुलुकको यात्राका लागि मृत्युमार्ग रोज्न पनि तयार छन् । युवाहरूले स्वर्ग ठानेका मुलुकहरूको यो हालतको व्याख्यान पुगेको छैन । त्यो हदसम्मको हर्कत नेपालमा भएको छैन ।

कमसेकम निर्वाचनमा हारेपछि हारेकालाई जिताइदिन न्यायाधीश नियुक्त गर्ने र ती आफैंले नियुक्त गरेका न्यायाधीशले पनि जिताउन नसकेपछि निर्वाचन घोषणा गर्नुभन्दा अघि सभामुखलाई आक्रमण गरेर ज्यान लिन सकियो भने निर्वाचन परिणाम घोषणा हुन सक्दैन र नयाँ राष्ट्रपतिको निर्वाचन भए पनि निर्वाचन परिणाम घोषणा नभएका कारणले आफ्नो राष्ट्रपतीय पदको निरन्तरता हुने आशाले जे पनि गर्ने काम नेपालमा भएको छैन र हुँदैन सायद ।

निर्वाचित राष्ट्रपतिलाई सुरक्षा ब्रिफिङ नगर्न र गर्न लागेमा हस्तक्षेप गर्नेसम्मका काम पनि नेपालमा भएको छैन र हुँदैन सायद । यो तथ्य आज भोलि अमेरिका जान ठिक्क परेका युवाहरूका लागि झुटा लाग्ला तर यो दिनको घाम झैं छर्लङ्ग भएको सत्य हो भन्ने कुरा बताइदिनुपर्छ ।

अब यसो हो भने आफ्नै मानक तयार गरेर लोकतन्त्रको विकास र अभ्यास गर्ने र राष्ट्र निर्माणमा जुट्ने विकल्प बाँकी छ । यसै विकल्पका लागि जनमत तयार गरौं । विश्वका समृद्ध भनिएका र आदर्श मानिएका मुलुकहरू पनि दुर्दशाले घेरिएका छन् । त्यो दुर्दशाको आगोमा पिल्सिनुभन्दा आफ्नै मुलुकमा पसिना बगाउन बेस भन्ने भाष्यको विकास गर्ने कि ?

*(साभार: अनलाइनखबर)*

# नालायकी शासन र बजेट कार्यान्वयनमा असफलता

✍ डिल्लीराम मिश्र "कलमजीवी"

२००७ सालको राजनीतिक परिवर्तन पश्चात् देशमा दर्जनौं सरकारहरु अस्तित्वमा आएसँगै विघटन र पतनको शृंखलासमेत देखा परे । मुलुकभित्र नकारात्मक भावना बढी मुखरित भइरहँदा अन्ततः भारतीय दासत्वसँगै दिल्ली सम्झौताको माध्यमबाट नेपालमा २००७ सालको राजनीतिक परिवर्तन सम्भव भएको हो ।

भारतद्वारा लादिएको दिल्ली सम्झौताको खाका अनुरुप देशमा राणा र नेपाली काँग्रेसको संयुक्त सरकारको नेतृत्व राणाशासनका अन्तिम प्रधानमन्त्री मोहनशमशेर जबराले गरेका थिए, तर नौ महिना नपुग्दै उनको सरकार विघटन भयो । त्यसपछि नेपाली काँग्रेसका नेता मातृकाप्रसाद कोइरालाको नेतृत्वमा २००८ मङ्सीर १ गते देशमा नयाँ सरकारको गठन भयो । त्यस बेलादेखि वि.सं. २०७९ पुस १० गते पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा एकल वामपन्थी सरकार गठन हुँदासम्म देशमा गनिनसक्नुका सरकारहरु निर्माण भए, तर नेपालकै इतिहासमा प्रचण्ड नेतृत्वको यो गठबन्धन सरकार जनस्तरबाट जति आलोच्य अरु कुनै पनि सरकारहरु भएनन् ।

यसअघि २००७ सालदेखि २०१५ सम्म कोइराला बन्धु मातृकाप्रसाद कोइराला र बीपी कोइरालाबीचको सत्ता झगडाको कारण शासनसत्ता अस्थिर रह्यो । यस्तै २०४६ सालको परिवर्तनपश्चात् २०४८ सालको आमनिर्वाचनमा नेका सभापति कृष्णप्रसाद भट्टराईलाई काठमाडौंबाट हराउने र आफू प्रधानमन्त्री बन्ने षड्यन्त्रमा रहेकै कारण यसका सूत्राधार गिरिजा प्रसाद कोइरालाले २०५१ सालमा भरभराउँदो संसद् विघटन गरेर देशमा अस्थिर राजनीतिको बीजारोपण गरेका थिए ।

प्रचण्डको सत्ता उन्मादसम्म आइपुग्दा प्रचण्डकै कारण यसले अस्थिर सत्ता राजनीतिको विकराल रुप लिएको छ । त्यसैले सरकारप्रति यति ठूलो जनआक्रोश पैदा भएको छ । गल्ली-गल्ली, सडक-सडक र चोक-चोकलगायत सामाजिक सञ्जाल र सञ्चार मिडियाहरुमा दाहाल नेतृत्वको सरकारको कार्यशैली र र बैयाप्रति नकारात्मकरुपमै गालीगलोज गरिएको छ, जसको कुनै सीमा रहेन । राज्यबाट केही नपाएका, निमुखा र गरिब जनताको तर्फबाट मात्र हैन देशका आमसचेत नागरिकहरुबाट समेत यो अनिष्टकारी सरकारप्रति यति धेरै नकारात्मक रुपमा हेरिएको छ, जुन तथ्य सरकारको कार्यशैली, नियत र चरित्रले समेत पुष्टि गर्दछ ।

देश र जनताको पक्षमा काम गर्नुभन्दा पनि आफ्नो र आफन्तको निजी स्वार्थ पूरा गर्नमा यो सरकार उद्यत् रहेको छ । दीनदुःखी, निमुखा र गरिब जनताको पक्षमा सरकार कहिल्यै पनि संवेदनशील देखिएन । मुलुकमा सरकार छ भन्ने अनुभूति आमजनताले गर्न सकिरहेका छैनन् । देशका आमनागरिकमा परेको पीडा लघुवित्त समस्या, मिटरब्याजपीडित समस्या, सहकारी बचत हिनामिना समस्या, दूध किसानको समस्या, चरम महँगी एवम् भ्रष्टाचारी कारबाहीको नाउँमा आफ्नालाई बचाउने र अरु निर्दोषी फसाउने नौटङ्की खेल भैरहेको छ, यो केवल नाटक मात्र हो । पछिल्लो घटनाक्रम भ्रष्टाचारीलाई कारबाही गर्ने निहुँमा मेलम्ची खानेपानी योजनामा हात हालिएको छ, तर प्रधानमन्त्रीकी बुहारी निवर्तमान खानेपानीमन्त्री मीना मगरलाई बचाउने नाउँमा अरुहरुलाई अघि सारिएका यस्ता दर्जनौं उदाहरणहरु छन् । नौटङ्कीय र नारकीय शैलीमा सरकारले भ्रष्टाचारको नाउँमा जति ठाउँमा हात हालेको छ, ती सबै किनारा लाग्ने गन्तव्य हैनन् । यी सबै किनारा लाग्ने उद्देश्यबाट अभिप्रेरित भएकै छैनन् ।

पूर्वी नेपालको झापा र पश्चिमको कञ्चनपुर जिल्लादेखि न्यायको मार्च गर्दै न्याय खोज्न २३, २३ दिन लगाएर पैदल यात्रामा राजधानी आएका २८ जिल्लाका मिटर ब्याजपीडितहरुप्रति बाटोमा तिनै तहका सरकारको कुनै सहानुभूति देखिएन । लामो पैदल यात्राको क्रममा बाटोमा उनीहरुको गाँस, बास र कपासको नाजुक अवस्था हेर्दा प्रत्येक नेपालीका आँखा र साए र मनहरु भक्कानिए । देशका नागरिकहरुको यस्तो कारुणिक र फदयविदारक पीडादायी अवस्था देशमा छ, तर सरकार सधैं रमिते बनिरहेको छ ।

दर्जनौं जिल्ला र सबै प्रदेश पार गरेर राजधानी आउँदासम्म स्थानीय तह र प्रदेश सरकारले मिटरब्याजपीडित पैदल यात्रीहरुप्रति एकछाक खाना, एकरात बास बस्नको लागि व्यवस्था गर्न अलिकति पनि सोच नबनाउनु एवम् दया, माया, करुणा नदेखाउनु हामी नेपालीको मानवीय कर्म र संवेदनशीलता कहाँ पुगेको छ ? यस घटनाबाट पनि प्रस्टै हुन्छ । नेपालजस्तो कृषिप्रधान देशमा आमकिसान आफूले उत्पादन गरेको दूधको बजार नपाएर सडकमा दूध पोख्न विवश छन्, तर विडम्बना कृषिप्रधान देशमा कृषि र कृषकको सामान्य परिभाषा पनि नबुझेका एवम् हालै अवकाशमा परेका कृषि तथा पशुपन्छी विकासमन्त्री डा. बेलुराम भुसाल कुनै दृश्यमा नदेखिएर बेखबरै रहे । मन्त्री बेलुरामले आफ्नो एकबर्से कार्यकालमा पशुरोग, दूध किसानका समस्या समाधानमा असफल, नार्क र कृषि सामग्री कम्पनीको कार्यकारी पदमा नियुक्ति गर्दा वरिष्ठलाई पाखा लगाएर कनिष्ठलाई भूमिका दिँदा चरम विवादित रहेका भुसाल कमिसन, भ्रष्टाचार र दलालीहरुको चक्करमा रहँदा कसरी दूध किसानहरुको समस्या समाधान सम्भव हुन्छ ?

नेपाल सरकारको स्वामित्वमा रहेको दुग्ध विकास संस्थान, नेपाल डेरी उद्योग संघ र नेपाल डेरी एसोसिएसनसमेतले गरी सात अर्ब रुपियाँ दूध किसानलाई भुक्तानी नगर्दा किसानहरु बिचल्लीमा परेका छन् । सरकारले आमनागरिकको जीवनमाथि खेलबाड गरिरहेको छ । अहिलेसम्म देशभरका किसानले आफ्नो परिश्रमको उत्पादनबाट दूध बिक्रीको भुक्तानी पाएका छैनन्, जसको कारण यति ठूलो रकम वक्यौता रहँदा साना किसानलाई घरखर्च धान्नै कठिन भएको छ ।

यस्तै व्यावसायिकरुपमा पशुपालन गर्ने किसानहरु बैंकको किस्ता तिर्न र पशु आहारा खरिद गर्नसमेत नसक्ने अवस्थामा पुगेका छन् । दलाल, बिचौलिया र कमिसनखोरीहरुको कारण मुलुक २०७७ सालमै दुग्धजन्य वस्तुमा आत्मनिर्भर भएको घोषणा गरिए पनि चालू आवको पहिलो ६ महिनामा भारतबाट मात्र एक अर्ब ३४ करोड रुपियाँ बराबरको दूध तथा दुग्धजन्य पदार्थ देशमा आयात भएको छ । यसअन्तर्गत पनि सबैभन्दा बढी पाउडर दूध आयात भएको छ, जुन किसानहरुको आय आर्जनमा समेत हानिकारक छ । आफूले उत्पादन गरेको दूधको मूल्य ६ महिनादेखि पाउन नसक्दा देशका उखु किसानको जस्तै हालत दूध उत्पादन किसानको पनि भएको छ । सरकारी स्वामित्वमा रहेको दुग्ध विकास संस्थानले किसानलाई तिर्नुपर्ने बजेट २ अर्ब रुपियाँभन्दा माथि रहेको छ ।

उता राज्य र राज्यसत्ताको नेतृत्वको आडमा व्यापक मात्रामा भएको भ्रष्टाचार र वित्तीय अनुशासनभन्दा बाहिर गएर गरिएको अनियन्त्रित खर्चको कारण नेपालको सार्वजनिक ऋण बिजुली चम्केसरीको गतिमा बढेको छ । नेपालको संघीय संविधान जारी भएपछि त यो झन् यति तीव्र गतिमा बढ्यो, जसको कुनै सीमै रहेन । विश्वभरका साना-ठूला, सम्पन्न, असम्पन्न सबैखाले राष्ट्रहरुले कुनै न कुनै रुपमा ऋण लिएका हुन्छन्, तर उनीहरुले त्यो ऋण राष्ट्रको विकास, जनताको कल्याण र प्रगतिमा लगानी गरेका सयौं सफल उदाहरण छन् । नेपाल नै एउटा यस्तो नमुना मुलुक हो, जहाँ लुट्न र भ्रष्टाचार गर्नकै लागि मात्र सार्वजनिक ऋण प्रयोग भएको छ । चालू आव २०८०-०८१ को माघ मसान्तसम्म नेपालको सार्वजनिक ऋण २३ खर्ब ८७.७७ अर्ब रुपियाँ पुगेको छ । चालू आवको ६ महिनामा मात्र देशको ऋण रु. एक खर्ब ६५.११ अर्बले थपिएको छ । यही अनुपातमा यसरी नै देशमा ऋणको दायित्व थपिँदै जाने हो भने यसले कहाँ पुगेर विश्राम लिने हो ? गन्तव्यको कुनै टुङ्गो देखिँदैन । अहिले नागरिक जन्मनासाथ प्रत्येक नेपालीको थाप्लोमा झन्डै ८५ हजार रुपियाँ बराबरको ऋणभार रहेको छ ।

देशमा कुल ग्राहस्थ्य उत्पादन अर्थात् जीडीपीको सीमा नाघेर ऋण लिन नपाउने अन्तर्राष्ट्रिय मूल्य मान्यता छ, तर नेपालले त्यो सीमाको उलैन गरिरहेको छ । अहिले देशको कुल ग्राहस्थ्य उत्पादनको अनुपातमा सार्वजनिक ऋण करिब ४४ प्रतिशत रहेको छ । चालू आर्थिक वर्षमा नेपालको कुल ग्राहस्थ्य उत्पादन ५४ खर्ब रुपियाँ रहेको प्रक्षेपण गरिएको छ । राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८१-०८२ को लागि १८ खर्ब रुपियाँको बजेट ल्याउन बजेट सिलिङको सीमा तोकेको छ तर देशको अर्थतन्त्र, वित्तीय अनुशासन, आयआर्जन, स्रोतसाधन र नेपाली समाज परिवेशको सामान्य ज्ञानसमेत नभएका एवम् हालै हटेका अर्थमन्त्री डा. प्रकाशशरण महतले त्यो मर्यादा सीमा नाघेर सिलिङ विपरीत गएर बजेट भाषण गरेका थिए ।


आव २०८०-०८१ को लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठको नेतृत्वको स्रोत अनुमान समितिले बजेटको सिलिङ सिफारिस गरेको हो । प्रधानमन्त्री स्रोत अनुमान समिति र अर्थ मन्त्रालयको समेत सहभागितामा आवश्यक छलफलबाट बजेटको सिलिङ तेकिएको डा. महतको दाबी छ, तर उनकै मध्यकालीन खर्च संरचनाले आगामी बजेट १९ खर्ब ४९.५ अर्ब रुपियाँ बराबर हुने प्रक्षेपण गरेको छ ।

*क्रमशः पृष्ठ-३....*

# टिकटक बन्द हुँदा ५ महिनामै ३ अर्ब आय गुमेको दाबी

काठमाडौं/सरकारले सामाजिक सञ्जाल टिकटक बन्द गरेपछि टेलिकम सेवा प्रदायक कम्पनीहरू प्रभावित भएका छन् । टेलिकम कम्पनीहरूको दाबी पत्याउने हो भने टिकटक बन्द भएको ५ महिनामा मात्रै ३ अर्ब रूपैयाँ बराबरको आय गुमेको छ ।

सामाजिक सद्‍रुभाव बिगारेको भन्‍रुदै सरकारले गत कात्तिक २७ गते टिकटक बन्द गर्ने निर्णयको थियो । मंगलबार प्रविधि पत्रकार मञ्च (टीजेएफ)ले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा बोल्दै एनसेलका लिगल तथा रेगुलेटरी अफिसर विशाल उपाध्यायले कात्तिकसम्म नेपालमा सबैभन्दा धेरै चल्‍रुने सामाजिक सञ्जाल टिकटक नै थियो ।



'तर सरकारले टिकटक बन्द गरेपछि ब्रुयाण्डविथ खपत घट्‍रुयो, यसका कारण एनसेलले मात्रै १ अर्ब ४४ करोड रुपैयाँ गुमाएको छ,' उनले भने ।

उनका अनुसार सोही अनुपातमा नेपाल टेलिकमले पनि टिकटकबाट आउने डेढ अर्ब रुपैयाँ आम्दानी गुमाएको छ । उपाध्यायले सरकारकै नीतिगत व्‍रुयस्थाका कारण एनसेलले पछिल्लो ६ वर्षमा १३ अर्ब रुपैयाँ आम्दानी गुमाएको दाबी पनि उनले गरे ।

'सरकारले सन् २०१८ वृद्धि गरेको टेकमल सेवा शुल्कका कारण ३ अर्ब ५२ करोड रूपैयाँ गुम्यो । टेलिकम सेवा शुल्क डेटाका कारण २ अर्ब ९० करोड गुम्यो,' उनले रिपोर्ट पेश गर्दै भने, 'विभिन्न तीन प्रकारको नियमनका कारण ५ अर्ब १३ करोड टिकटकका कारण १ अर्ब ४४ करोड रुपैयाँ गरी कुल १३ अर्ब रुपैयाँ आम्दानी घट्‍रुयो ।'

भारत लगायत एशियाका धेरै देशमाटेलिकम कम्पनीहरूमा प्रतिव्याक्ति १५ देखि २० जीबीसम्म डाटा खपत रहेको तर नेपालमा प्रतिव्याक्ति ४ जीबीमात्रै डाटा खपत रहेको उपाध्यायले बताए ।

दूरसञ्चार क्षेत्रको विकासका लागि नीति नियम र ऐनमा सुधार गर्नुपर्ने भए पनि अझै २७ वर्ष पुरानो ऐनमै रहँदा समस्या भएको उनको गुनासो थियो । उनले भने, ' सरकारले बनाएको पछिल्लो फ्रिक्वन्सी नीतिमा अझै खुकुलो बन्न सकेको छैन ।' एनसेल पनि फाइभजी परीक्षण तथा सेवा विस्तार गर्न तयार रहेको तर, ६० अर्ब खर्च गरेर वार्षिक २ अर्ब आम्दानी हुने गरी काम कसरी गर्ने भनेर मुख्य चुनौती रहेको सुनाए ।

यस्तै नेपाल टेलिकमका वरिष्ठ इन्जिनियर मधुसुदन दाहालले नेपाल टेलिकमको डेटा प्रयोगकर्ता एनसेलेको भन्दा १० प्रतिशत घटेको रिपोर्ट पेश गरे ।

'अहिले नेपाल टेलिकमको डेटा प्रयोगकर्ता दिनप्रतिदिन घट्दै गइरहेको छ । टिकटक बन्‍रुद भएपछि एनसेलको भन्दा एनटीसीको प्रयोगकर्ता १० प्रतिशत कम भएको भएको छ, उनले भने, 'यो भनेको करिब करिब १ अर्ब ३० करोडको हाराहारीको आम्दानी गुमाएका छौं ।'

सरकारले टिकटक बन्द भएपछि डेटा खपतमा व्‍रुयापक असर परेका कारण टेलिकम कम्पनीको आम्दानी ५ महिनामै १० प्रतिशत घटेको दाहालको भनाइ थियो । 'डेटातर्फ ट्राफिक ट्राफिक बढिरहेको छ । तर आम्दानी भने घटिरहेको छ, ' उनले भने ।

दाहालले कारण टेलिकम कम्पनीहरुको आम्दानी घट्नुमा आइएसपी र ओटीटी प्रमुख कारक भएको बताए । 'नेपालको फ्रिक्वन्सी प्रयोग गरेरे विदेशी कम्पनीले पैसा कमाएको तर फ्रिक्वन्सी शुल्क हामिले तिर्नु परेको छ, दाहालले भने, 'सरकारले यसको नियमन गसोस् ।' डेटाको आम्दानी बढाउन ओटीटी जस्ता प्लेटफर्मलाई नियमन गरेर साक्षरता बढाउन आवश्यक रहेको बताए ।

दाहालले दूरञ्चार क्षेत्रमा नवीकरण शुल्क, फ्रिक्वेन्सी शुल्क लगायतको दायित्वसमेत बढी हुँदा टेलिकम क्षेत्र नै संकटतर्फ जाने स्थिति रहेको बताए ।

कार्यक्रममा बोल्दै नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीले नेपालमा 'डिजिटल ग्याप' रहेको बताए । उनले दूर सञ्चार विकास कोष प्रयोग गरि निर्माणाधीन आयोजनामा ढिलाइ भएकोले त्यसलाई समयमै सक्न प्रयत्न गरिरहेको बताए ।

'आरटीडीएफका आयोजना पनि सुस्त भएका छन् यी आयोजना सम्पन्न भए एउटा मेरूदण्ड बन्नसक्थ्यो,' भण्डारीले भने, 'आइएसपी र टेलिकम क्षेत्रका बारेमा लाखे र अर्बे भन्ने रहेछ केही समस्या छन् त्यसलाई हल गर्दै अगाडि बढ्नुपर्छ ।'

दूरसञ्चार प्राधिकरणसँग उपलब्ध फ्रिक्वन्सीको झण्डै १२.५ प्रतिशत मात्रै प्रयोगमा रहेकोले यसलाई बढाउनुपर्ने उनले बताए । २७ वर्ष अधिको कानुन र हालको एक्पेटेसन फरक भएकाले यस्ता ऐन पनि नियममा पनि समयसापेक्ष बनाउने बताए । 'हामीले मोबाइल प्रविधि फाइभ जीलाई अवसरको रुपमा लिइरहेका छौं । तर राज्यले लगानीको सुरक्षा गरिदिनु पर्ने हुन्छ,'अध्यक्ष भण्डारीले भने ।

उनले फाइभजी ल्याउनु अगाडि यसको डिजिटल इको सिष्टम बनाउनुपर्नेमा जोड दिए । 'आजको दिनमा फाइभ जीको ह्यान्ड सेटको म्याचुरिटी १० प्रतिशत मात्रै देखिन्छ । अहिलेसम्म आइयूटी डिभाइ कति छ ?,' उनले भने, 'हामी अटोमेशन, देशको डिजिटल डेटाको अपत कसरी बढाउन चाहन्छौं ? फाइभ जीले लगाउने पैसाले हामी कति रिटर्न लिन चाहन्छौं । यसबारेमा विस्तृत अध्ययन जरूरी छ ।'

हाल नेपालमा १६ देखि १७ लाखसम्‍रुमको हाराहारीमा फाइभजी मोबाइलका ह्याण्डसेटहरू रहे उनले बताए । भण्डारीका अनुसार २० प्रतिशत मात्रै फाइभ जीको ह्याण्ड सेट किन्‍रुन १५३ अर्ब रुपैयाँ लगानी गर्नुपर्ने हुन्छ ।

कार्यक्रमा आयोजक संस्था प्रविधि पत्रकार मञ्च (टिजेएफ)का अध्यक्ष उमेश पौडेलले यस क्षेत्रमा रहेका अवसर र चुनौती पहिचान होस र समाधानमा समेत सहयोग पुगोस भन्ने हेतुले अन्तर क्रिया कार्यक्रम आयोजना गरिएको बताए ।

'हामी प्रविधि क्षेत्रमै रिपोर्टिङ गरिरहँदा यस क्षेत्रका समस्याका नियालि रहेका छौं ती समस्याका बारे सामूहिक छलफल र बहस हुनु जरूरी भइसकेको छ,' उनले भने,' यो छलफलले नीति निर्माता, नियामक, सेवाप्रदायकलाई चुनौतीको सामाना गर्दै अगाडी बढ्न सहयोग मिल्नेछ ।'

*(स्रोत: अनलाइनखबर)*

# उपेन्द्र सुब्बाले बनाउने भए 'जारी २'

काठमाडौं/यस वर्षको सर्वाधिक सफल फिल्म 'जारी'बाट उपेन्द्र सुब्बाले निर्देशनमा डेब्यू गरेका हुन् । कविको रुपमा परिचित उनलाई पहिलो फिल्मले नै सफलता दिलायो । उनलाई यतिबेला 'जारी २' बनाउन वितरकदेखि हल सञ्चालकसम्मको ठूलो दबाब छ । सिक्वेलभन्दा पनि नयाँ शीर्षक र कथामाथि फिल्म बनाउनुपर्छ भन्ने मान्यता राख्ने उनी अन्तत: 'जारी'को सिक्वेल बनाउने निर्णयमा पुगेका छन् ।






हालै एक अन्तर्वार्तामा निर्देशक सुब्बाले भनेका छन्, 'मलाई भित्रि मनदेखि 'जारी २' बनाउने इच्छा थिएन । किनभने, मसँग फिल्म बनाउन थुप्रै कथा छन् । फिल्म बनाउन सुरु नगर्दै मसँग ५/६ वटा कथा थियो । तिनै कथामाथि फिल्म बनाउँछु भन्ने सोचेको थिएँ । तर, 'जारी' चलेपछि यतिधेरै कुरा भयो कि मैले मिडियामा नै 'जारी २' बनाउँदिनँ भनेको थिएँ । तर, नबनाइ धर नहोला जस्तो छ ।'

अभिनेता दयाहाङ राईले पनि इच्छा देखाएपछि उपेन्द्रलाई 'जारी २' बनाउन जाँगर आएको छ । 'मलाई साथी-भाईहरुले धेरै भने । वितरक र हल सञ्चालकले पनि भेट हुँदा यही आग्रह गर्नुहुन्छ । पैसा पनि आउँछ भन्छन्, लोभ देखाइदिन्छन् (हाँस्दै) । कलाकार साथीहरुलाई पनि रहर भयो । दया सरले 'जारी २' बनाउने होइन त भनेपछि मलाई पनि यतिबेला जाँगर चलेको छ,' सुब्बाले भने ।

उनले आगामी वर्ष 'जारी २' बनाउने योजना सुनाएका छन् । त्यसका लागि कथा पनि फुरिसकेको उनको भनाई छ । 'यसका लागि कथा सोच्ने क्रममा एउटा मीठो कथा आएको छ । मैले टिममा सुनाउँदा यसैमा बनाउँ भन्ने कुरा भएको छ,' उपेन्द्रले भने, 'खासमा मसँग एउटा बंगाली साथीको कथा थियो । त्यसैमा फिल्म बनाउँछु भन्ने सोचिरहेको थिएँ । यसलाई रोकेर अब 'जारी २' बनाउँछु ।'

६० वर्षको उमेरसम्म मात्र फिल्म बनाउने उनको योजना छ । त्यसपछि उनी निजी जीवन बाँच्न चाहन्छन् । 'म ६० वर्षको उमेरसम्म काम गर्न सक्छु । त्योभन्दा धेरै काम गर्ने योजना छैन । ६० पछि म निजी जिन्दगी बाँच्छु । यसैले ६० वर्षभित्र वर्षमा एउटा फिल्म बनाएर मसँग भएको स्क्रिप्ट सक्छु,' उनले भने । उनी निर्देशित दोस्रो फिल्म 'मनसरा' आगामी बैशाख २१ गते प्रदर्शनमा आउँदैछ ।

# ईदमा समेत छैन बलिउड फिल्मको माहोल

एजेन्सी, मुम्बई/सुपरस्टार सलमान खानलाई बलिउडमा ईदको पर्याय मानिन्छ । किनकि, उनका अक्सर फिल्म ईदमा नै रिलिज हुन्छन् । र, बक्स अफिसमा ठूलो रेकर्ड बनाउँछन् । तर, यसपटकको ईदमा उनको फिल्म छैन । यसैले बलिउडमा माहोल पनि सुखद् देखिएको छैन । यद्यपि, ईदमा दुई ठूला फिल्म 'बडे मियाँ छोटे मियाँ' र 'मैदान' प्रदर्शन हुँदैछ । तर, दुवै फिल्मको माहोल निराशाजनक छ ।





यसअघि दुवै फिल्म अप्रिल १० (बुधबार)बाट रिलिज हुने तय भएकोमा अब ११ अप्रिल (बिहीबार)बाट प्रदर्शनमा आउने भएका छन् । किनकि, यसपटक ईद ११ अप्रिलमा परेको छ । अप्रिल १० मा भने दुवै फिल्मको पेड प्रिमियर राखिएको छ । यसपटकको ईदमा सूर्य अस्ताउने र उदाउने समय परिवर्तन हुने भएपछि यी दुवै फिल्मलाई बिहीबारबाट पूर्ण रुपमा हलमा रिलिज गर्न लागिएको हो ।

तर, दुवै फिल्ममा ठूला स्टार भए पनि बुकिङ कमजोर देखिएको छ । शनिबारबाट दुवै फिल्मको बुकिङ खुलेको थियो । इन्डियन एक्सप्रेसका अनुसार, अक्षय कुमार र टाइगर श्राफ स्टारर 'बडे मियाँ छोटे मियाँ'ले मंगलबार बिहानसम्म भारतमा १६ हजार टिकट बेचेर ३८ लाख कमाई गरेको छ । त्यस्तै, अजय देवगनको 'मैदान'ले १२ हजार टिकट बेच्दै २७ लाख कमाएको दाबी गरिएको छ ।

'मैदान'को तुलनामा 'बडे मियाँ छोटे मियाँ'ले ठूलो मात्रामा शोज पाएको छ । थ्रीडीसहित तेलुगु तथा तमिल संस्करणमा पनि रिलिज हुन लागेको फिल्मले भारतभर ४ हजार शोज पाएको छ भने 'मैदान'लाई ३ हजार आसपास शोज प्राप्त छ । बुकिङको ट्रेन्ड हेर्दा यी दुवै फिल्मको ओपनिङ कमजोर हुने देखिन्छ । यो अवस्थामा दुवै फिल्मलाई बलियो 'वर्ड अफ माउथ'को आवश्यकता पर्नेछ ।

# रविको रवैया विरुद्ध एकमना हुँदै कांग्रेस

काठमाडौं/नेपाली कांग्रेसले गृहमन्त्री रवि लामिछानेले सहकारीको रकम अपचलनमा मुछिएको मुद्दालाई उठाउँदै गर्दा पार्टी भित्र दुई धार छैन भन्ने सन्देश दिन खोजेको छ ।

सहकारी प्रकरणमा गृहमन्त्री लामिछाने माथि अनुसन्धान गर्ने गरी संसदीय छानबिन समिति गठनको मागलाई पार्टीभित्र एकमतले निर्णय गरिएको छ । ६ चैतमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गृहमन्त्री लामिछानेलाई 'क्लिन चिट' दिएपछि त्यसप्रति असन्तुष्टि जनाउँदै संसदीय छानबिन समितिको माग गर्दै आएको छ । त्यस यता बसेका सबै बैठकमा संसदीय छानविन समितिको माग कांग्रेसले निरन्तर उठाउँदै आएको छ ।

संसदमा संसदीय छानविन समितिको आवाज उठाउँदै गर्दा सभापति पक्षधर गृहमन्त्री लामिछानेलाई चिढ्याउन नहुने मनस्थितिमा रहेको आशंका उठेका थिए । सभापति देउवा भावी सत्ता समीकरणका लागि राष्ट्रिय स्वतन्त्र पार्टीलाई टाढा राख्न नचाहेको चर्चा हुँदै आएको थियो । नेता शेखर कोइराला र महामन्त्री गगन थापा छानबिन समितिको अडानमा रहिर हँदा उनीहरुलाई अर्को पक्षको सक्रिय साथ नरहेको टिप्पणी हुँदै आएको थियो । संयोग पनि त्यस्तै परेको थियो, तीन दिनका बैठकमा लगातार शेखर-गगन पक्षका सांसदले छानविन समितिको मागको म'द्दा उठाउन समय लिएका थिए । तीन दिनमा सांसदहरु क्रमश: सञ्जय गौतम, प्रतिमा गौतम र रामकृष्ण यादव बोलेका थिए ।

छानविन समितिको मागका पक्षमा पार्टी भित्र दुई धार देखिएको भनी विगतमा भएका आशंका सभापति शेरबहादुर देउवाले मंगलबार निवारण गरेका छन् । संसदीय दलको बैठकमा बोल्ने क्रममा सभापति देउवाले सहकारीको ठगीमा एक पछि अर्को प्रमाणहरु आएको बताएका थिए । प्रमाणका आधारमा रहेर सांसदहरुलाई सदनमा प्रस्तुत हुन उनले निर्देशन दिएका थिए । सभापतिको बोली उद्धृत गर्दै कांग्रेस सांसद भन्छन्, 'रवि लामिछाने विरूद्ध यति धेरै प्रमाण छन् । लाखौं ठगिएका छन् । न्याय दिनुपर्छ, हामी लाग्नुपर्छ' उनले भने, 'संसदीय छानबिन समिति बन्नै पर्छ ।'

मंगलबार बसेको संसदीय दलको बैठकमा संसदीय छानविन समितिको मागबाट पार्टी पछि हट्न नहुने धारणा सांसदहरुले राखेका थिए । नेता चन्द्र भण्डारीले भने दोधारे कुरा गरेको बैठकमा सहभागी एक सांसदले जानकारी दिए । रास्वपासँग तिक्ततापूर्ण व्यवहार गर्न नहुने आशय उनले व्यक्त गरेका थिए । सभापति देउवा, महामन्त्री गगन थापा, नेता कृष्णप्रसाद सिटौला, रामहरि खतिवडा, ईश्वरी न्यौपाने, प्रदीप पौडेल लगायत छानविन समिति 'बटमलाइन' भएको धारणा राखेका थिए ।

संसदीय छानबिन समिति 'बटमलाइन' बनाउने भएको छ । संसदीय छानविन समितिको क्षेत्राधिकारमा भने कांग्रेस छलफल गर्न तयार रहेको छ । 'संसदीय छानबिन समिति कस्तो बनाउने त्यसको क्षेत्राधिकार खुलेर छलफल गर्न हामी तयार नै छौं' महामन्त्री भन्छन्, 'संसदीय छानबिन समिति बनाएर जाने सामान्य माग हो ।' सांसद राजेन्द्र बजगाईंका अनुसार संसदीय छानविन समिति बनाउन हुँदैन भनि कोही पनि सांसदले बोलेनन् । कदाचित्, संसदीय समिति बनाउन सरकार तयार नरहे विकल्पमा के गर्ने ? बारे पनि कसैको धारणा नआएको उनले सुनाए । 'संसदीय छानविन समितिबाट दायाँ बायाँ अरु केही कुरै भएको छैन । बटमलाइन नै छानविन समिति हो,' बजगाईं भन्छन् ।

राष्ट्रिय सभाका संसदीय दलका नेता समेत रहेका सिटौलाले संसदीय छानविन समितिको मागबाट पार्टी पछाडि फर्कन नहुने धारणा राखेका थिए । 'यही विषय देखाएर कम्युनिस्ट दुई दल मिलेर कांग्रेसका कार्यकर्तालाई तल्लो तह देखि दुख दिन सक्छन् । छानविन समिति मागबाट हामी पछि हट्नुहुँदैन' सिटौलाले संसदीय दलले भने ।

बैठकपछि कांग्रेस प्रमुख सचेतक रमेश लेखकले संसदीय छानबिन समिति गठन गर्नुपर्ने निर्णय संसदीय दलको बैठकले सर्वसम्मत गरेको बताए । उनले भने, 'आजको संसदीय दलले नेपाली कांग्रेसले उठाउँदै आएको काम उचित छ भन्ने ठहर गरेको छ, सर्वसम्मतिले ।' संसदका कामकारबाही अवरुद्ध भए त्यसको सरकारले लिनुपर्ने उनले बताए । प्रधानमन्त्रीको कुरा सुनिसकेकाले गृहमन्त्रीले सदनमा जवाफ जरुरी नरहेको उनले बताए भएको बताए ।

छानविन समिति गठनका लागि सरकारलाई आजसम्मको अल्टिमेटम दिएको थियो । यसविचमा सरकार छानबिन समिति बनाउने पक्षमा देखिएन । देउवाले शीर्ष नेता र संसदीय दलको बैठक बोलाएर सरकार माथि दबाब बढाए ।

**प्रधानमन्त्री र सभामुखको प्रयास असफल**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सभामुख देवराज घिमिरेले सदन सहज सञ्चालनको वातावरण बनाउन सक्रियता लिएका थिए । मंगलबार बिहान प्रचण्डले बोलाएको बैठक र सोमबार सभामुख घिमिरेले बोलाएको छलफलले सार्थकता दिन सकेन ।

प्रमुख प्रतिपक्ष दल आफ्नो अडानबाट टसमस नभएपछि संसद दुवै बैठक निष्कर्षविहीन टुंगिएका थिए । सभामुखले बोलाएको बैठकमा जानु अघि सभापति देउवाले शीर्ष नेताको बैठक बोलाएका थिए । संसदमा रहेका पूर्व र वर्तमान पदाधिकारीहरुको बैठक पछि सभापति देउवा र प्रमुख सचेतक लेखक सभामुखले बोलाएको छलफलमा सहभागी भएका थिए ।

संसदीय छानविन समितिको मागबाट कांग्रेस पछि नहट्ने भएपछि सोमबार छोटो समयमा बैठक सकियो ।

*(स्रोत: अनलाइनखबर)*

# नालायकी शासन र....

आयोगले सरकारको मध्यकालीन खर्च संरचनाले प्रक्षेपण गरेको भन्दा १.५ खर्ब रुपियाँ कम बजेटको सिलिङ तोकेको छ, तर आव २०८१-०८२ को लागि बजेट निर्माण गर्ने अभिभारा गठबन्धन परिवर्तनबाट आएका अर्थमन्त्री वर्षमान पुनको अधीनमा छ । देशको स्रोतसाधन, वैदेशिक सहयोग, मुलुकको आवश्यकता र स्रोतको दृष्टिकोणबाट मात्र बजेट ल्याउन सम्भव छ, तर काम गर्न नसक्ने र बजेट पनि वित्तीय अनुशासनमा रहेर खर्च गर्न नसक्ने सत्ता स्वार्थको अँध्यारो सुरुङमा रहेको यो नालायकी गठबन्धन सरकारलाई आयोगले तोकेको सिलिङभन्दा बाहिर गएर बजेट ल्याउने नैतिक अधिकार समाप्त भएको छ ।

चालू आर्थिक वर्षमा निवर्तमान अर्थमन्त्री डा. महतले आयोगले दिएको बजेट सिलिङ नाघेर विवादास्पद कार्यक्रमका साथ ठूलो आकारको बजेट ल्याएका थिए, जुन बजेट राष्ट्रलाई योगदान नदिने क्षेत्रमा बढी प्रभावित छ । अर्थमन्त्रीले आयोगले दिएको सीमा उल्लंघन गरेर तोकेभन्दा बढीको बजेट ल्याए, जसलाई व्यवस्थापन गर्न सकिएन । बजेटको स्रोतसाधन जुटाउन असफल भएपछि आम्दानीको स्रोतकोणबाट चालू आवमा पूर्वविनियोजित बजेट संशोधितरुपमा डा. महतले २ खर्ब २१ अर्ब रुपियाँ कटौती गरेका हुन् । अर्धवार्षिक समीक्षामार्फत १५ खर्ब ३० अर्ब २६.९२ करोडमा बजेट झारिएको छ, जुन बजेट कार्यान्वयनको पूर्ण असफलता हो । विशेष गरी राजस्व र आन्तरिक ऋण, वैदेशिक सहायता एवम् वैदेशिक अनुदानको सही प्रक्षेपण र मूल्याङ्कन गर्न नसक्दा बजेट कार्यान्वयनमा तत्कालीन अर्थमन्त्री मात्र हैन, सिङ्गो सरकार नै पूर्णरुपमा असफल भएको छ ।

मुलुकको वास्तविक आवश्यकताभन्दा ठूलो आकारको बजेट प्रस्तुत गरेको कारण आम्दानी बढाउन र खर्चमा यथेष्ट सुधार ल्याउन नसक्दा आफ्नो कमजोरी लुकाउन अर्थमन्त्री डा. महतले समीक्षामार्फत बजेटको आकार घटाएका हुन् । कुल बजेटमा १२.९२ प्रतिशतले कटौती गर्दा यसको सीधा असर पूँजीगत खर्चमा समेत परेको छ । पूँजीगत खर्चभन्दा व्यवस्थापन खर्च माथि छ । राजस्व सङ्कलनको इतिहासमै ऋणात्मकताको स्थिति आव २०७८-०७९ बाटै शुरु भएको हो, जुन ओरालो लाग्ने गतिमा छ । अहिले लाजमर्दो स्थिति त के छ भने, सरकारले ऋण लिएर नै राष्ट्रसेवकहरुको तलब खुवाउनुपर्ने अवस्था सिर्जना भएको छ । गतआवमा सरकारको राजस्व सङ्कलन पछिल्लो ५२ वर्षयताकै सबैभन्दा कमजोर अवस्था हो । चालू आवमा पनि लक्ष्यअनुसार सरकारको राजस्व नउठ्ने निश्चित छ भने राष्ट्रिय योजना आयोगको स्रोत समितिले आव २०८१-०८२ मा ५ खर्ब रुपियाँ घाटा बजेट हुने प्रक्षेपण गरेको छ, जुन घाटा बजेटलाई ऋणमार्फत पूर्ति गर्नुपर्ने हुन्छ । चालू आवको आठ महिनामा ४२ प्रतिशत मात्र राजस्व उठेको छ, अबका अरु चार महिनामा ५८ प्रतिशत राजस्व उठ्न के सम्भव छ ? आर्थिक अनुशासन विपरीत गएर सरकारको कार्यशैली प्रभावित हुँदा सरकारी वित्त निरन्तर घाटामा गइरहेको छ ।

देशमा पूँजी निर्माणसँगै रोजगारीका अवसर सिर्जना गर्ने पूँजीगत विकास खर्चको अवस्था अत्यन्तै चिन्ताजनक छ, चालू आवको पहिलो ६ महिनामा पूँजीगत खर्च २५ प्रतिशत पनि भएको छैन भने दर्जन मन्त्रालयको विकास खर्च १५ प्रतिशतभन्दा तल छ । भूपुमन्त्री एवम् पदाधिकारीहरुको संख्या राष्ट्र र समाजको लागि अभिशाप बन्दै गएको छ । यो अस्थिर घटनाबाट देशको समग्र बजेटले सधैं कुठाराघात सहिरहनु आजको विडम्बनापूर्ण अवस्था हो । देश लथालिङ्ग होस्, जनताको अवस्था जेसुकै होस्, तर सत्तास्वार्थको आडमा गठबन्धन सत्ता परिवर्तनको खेलले मुलुकलाई आक्रान्त बनाएको छ । सर्वनाशको उद्देश्य स्वरुप गठबन्धन सरकार भत्कने र बन्ने क्रमले सैंयदेखि प्रदेश सरकार सम्म भएको उथलपुथलले राष्ट्रलाई पूर्णरुपमै ऋणात्मक बनाउँदै अहिले सर्वत्र क्षेत्रमा निराशै निराशा मौलाएको छ । मुलुकले यो निराशाको भारी कति लामो समयसम्म बाक्ने हो ? पीडित नेपाली जनताले यसको जवाफ खोजिरहका छन् । आजको देशको सत्ता राजनीति नै मुलुक र समाजको लागि अभिशाप सिद्ध भएको छ ।

*(साभार: नेपाल सामाचार-पत्र)*

# म गफाडी माइलालाई संयम गराउने पात्र हुँ : आँचल शर्मा

काठमाडौं/अभिनेत्री आँचल शर्माका लागि यस वर्ष (२०८०)को सुरुवात निराशाजनक बन्यो । बैशाखमा रिलिज भएको चर्चित फ्रेन्चाइज फिल्म 'नाइँ नभन्नू ल'को छैटौं श्रृंखला असफल बनेको थियो । यसको नतिजा उनका लागि अनपेक्षित थियो । अब यस वर्षका लागि उनको अन्तिम फिल्म 'डिग्री माइला' यही शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । यो फिल्मले वर्षको अन्त्य सुखद् गराउने उनको विश्वास छ ।



यसमा आँचलको जोडी अभिनेता दयाहाङ राई हुन् । नेपाली फिल्मका लागि यो 'फ्रेस जोडी' हो । दयाहाङसँग काम गर्दा धेरै कुरा सिक्न पाएको आँचलको अनुभव छ । उनी भन्छिन्, 'मैले स्क्रिप्टमा रहेका र स्क्रिप्ट बाहिरका धेरै कुराहरु उहाँसँग छलफल गर्न पाएँ । अनुभव र परिपक्वताले उहाँको कुराहरु अर्थपूर्ण हुने गर्छन् । त्यसले गर्दा पनि काम गर्न सजिलो भयो । र, धेरै कुरा सिक्न पाएँ ।'

फिल्ममा आफू माइला पात्रलाई संयम गराउने चरित्रमा रहेको उनको भनाई छ । 'यसमा एकदमै गफाडी पात्र (दयाहाङ राई)लाई संयम गराउने चरित्रमा छु । हरेक व्यक्तिलाई जीवनमा बाटो विराउँदा संयम गराउन एकजना पात्र चाहिन्छ । चाहे त्यो परिवारभित्र होस् वा पार्टनरमा । 'डिग्री माइला'मा म त्यो पात्र हुँ । मेरो पात्रले बतासिएको माइलालाई रोक्न प्रयास गरेको छ,' आँचलले भनिन् । उनलाई हरेक चरित्र चुनौतीपूर्ण हुन्छ भन्ने लाग्छ । त्यसमाथि 'डिग्री माइला'को टिमसँग उनको पहिलो सहकार्य थियो । कसरी काम हुन्छ भन्ने उनलाई थाहा थिएन । आफूले गरेको काम टिमलाई कस्तो लाग्ने हो भन्ने उनलाई डर थियो । राम्रो कलाकारहरुसँग काम गर्दा आफू कहीँ कतै चुकिन्छ कि भन्ने पनि उनलाई लागेको थियो । तर, यस्तै टिमसँग काम गर्दा सिक्न पाइने उनको अनुभव छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नवोदयमा पूर्वप्राथमिक तह अध्ययन पूरा गरेका विद्यार्थी दीक्षित

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/नवोदय शिशुसदन हेटौंडा उपमहानगरको अग्रणी शैक्षिक संस्थाको रुपमा स्थापित छ । बालबालिकामा शिक्षाप्रतिको लगाव र प्रेम दर्शाउँदै अभिभावकको ध्यानाकर्षण गराउन नवोदयले अनेकौं रचनात्मक क्रियाकपाल गर्दै आइरहेको छ ।

मंगलबार मात्रै नवोदयले एउटा रचनात्मक शैक्षिक कार्यक्रम आयोजना गरेको छ । सामान्यता: विश्वविद्यालयहरुले मात्रै दीक्षान्त समारोह गर्दै आएकोमा नवोदयले पूर्वप्राथमिक तहका कलिला बालबालिकाको पनि दीक्षान्त कार्यक्रम गरेको हो । जुन कार्यक्रमले बालबालिकाको मस्तिष्कमा प्राप्त उपलब्धीमा प्रफुल्ल भएर शिक्षाप्रतिको लगाव बढाउने शिक्षा क्षेत्रलाई नजिकबाट नियालेकाहरु बताउँछन् ।




हेटौंडा उपमहानगर पालिका-४, स्थित नवोदय शिशुसदन माविले पूर्वप्राथमिक तहको अध्ययन पूरा गरेका विद्यार्थीलाई दीक्षित गरेको हो । मंगलबार एक कार्यक्रमबीच युकेजी तहको अध्ययन पूरा गरेका ९० जना विद्यार्थीलाई दीक्षित गरिएको विद्यालयले जनाएको छ । दीक्षान्त समारोहमा विद्यार्थीलाई प्रमाणपत्र वितरण गरिएको छ । पूर्वप्राथमिक तह निवर्तमान संयोजक अनिता गौतमले स्वागत मन्तव्य राखेकी थिइन् ।

अभिभावकको उपस्थितिमा भएको कार्यक्रममा युकेजी तहको अध्ययन पूरा गरेका विद्यार्थीले नृत्य, गायन, उद्घोषण, नाटककला प्रस्तुत गरेका थिए । विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले अभिभावकले समेत नृत्यु प्रस्तुत गरेका थिए । अभिभावकको तर्फबाट फुन्चु रुम्बाले मन्तव्य राखे ।

विद्यालयको पूर्वप्राथमिक तह संयोजक एलिशा जोशीको अध्यक्षता तथा हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य रामबाबु थापा, प्रिन्सीपल मनोज थिङ, मावि संयोजक सीएम रिमाल, मावि तहका शैक्षिक प्रमुख मञ्चन तिवारी, प्राथमिक तह शैक्षिक प्रमुख सचिता पाण्डेको पनि आतिथ्य रहेको थियो ।

## ग्यास व्यवसायी संघद्वारा शुभकामना आदानप्रदान



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ मकवानपुर ग्यास व्यवसायी संघले मंगलबार नयाँवर्ष २०८१ सालको भित्रेपात्रो विमोचन गर्नुका साथै शुभकामना आदानप्रदान गरेको छ ।

मकवानपुर ग्यास व्यवसायी संघका अध्यक्ष केशव मुडभरीको अध्यक्षतामा भएको कार्यक्रममा ग्यास व्यवसायी संघ बागमती प्रदेशका अध्यक्ष विनोदमान श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । मकवानपुर ग्यास व्यवसायी संघका उपाध्यक्ष नवीन लामाले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

नयाँवर्ष २०८१ सालको क्यालेण्डर बिमोचन कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाट, राजु अधिकारी, होटल एशोसियसन मकवानपुरका अध्यक्ष दिलिशगोविन्द जोशी, साहारा ग्यास इण्डष्ट्रिजका प्रबन्धक खड्ग थापा, डिलर एशोसियसन मकवानपुरका अध्यक्ष अमित श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## ज्ञानदा माविको तीनतले भवन शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/हेटौंडा उपमहानगरपालिका-१०, स्थित ज्ञानदा माध्यमिक विद्यालयको तीनतले भवन निर्माणको शिलान्यास गरिएको छ ।

१८ कोठा रहेको तीनतले भवनको बागमती सरकारका खानेपानी, उर्जा तथा सिचाईं मन्त्री एकालाल श्रेष्ठले शिलान्यास गरेका हुन् । भवनको शिलान्यास गर्दै मन्त्री श्रेष्ठले भवनको निर्माणसँगै शिक्षाको गुणस्तर र विद्याार्थी संख्या वृद्धिमा विशेष ध्यान पुर्‍याउन आग्रह गरे । २०२८ सालमा स्थापित विद्यालयको हालसम्म आफ्नै जग्गा हुन नसक्नु दु:खद् भएको बताउँदै मन्त्री श्रेष्ठले विद्यालयले जग्गा प्राप्तिको लागि पहल गर्नुपर्ने बताए ।

हेटौंडा बजारको बीचमा रहेको यस विद्यालयको सबै मिलेर संरक्षण गर्नुपर्ने उनको भनाई छ । 'अहिले विद्यार्थी संख्या कमी भएका थुप्रै विद्यालय मर्ज भईरहेका छन् । ५ दशकअघि स्थापित इतिहास बोकेको ज्ञानदाको संरक्षण आवश्यक छ, उनले भने । भुकम्पले क्षति पुर्‍याएको विद्यालयको सुबिधासम्पन्न भवन निर्माण सुरु भएकोमा खुशी व्यक्त गर्दै उनले समयमै निर्माण सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिएका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुष्पराम थापाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१० का वडाअध्यक्ष फुर्वादोर्जे लामा, वडासदस्यहरु, गोरक्षेश्वर संस्कृत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापा, भुटनदेवी मन्दिर समितिका अध्यक्ष राममान श्रेष्ठलगायतको उपस्थिति थियो ।

## रातोमाटेबाट कुखुराको चल्ला नियन्त्रण

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/हेटौंडा उपमहानगरपालिका-१५, स्थित रातोमाटेबाट जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध रुपमा ल्याइएको कुखुराका चल्ला नियन्त्रणमा लिएको छ । पूर्वपश्चिम सडकखण्डमा खटिएको प्रहरी गस्तीटोलीले वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको ग १ ख ५८९६ नम्बरको बसबाट २०० वटा कुखुराको चल्ला बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । भेटनरी क्वारेन्टाइन र अनलाईन बिलबिजक नभएको पाईएपछि चल्ला नियन्त्रणमा लिएर पशुसेवा कार्यालय मकवानपुरमा बुझाएर नष्ट गरिएको प्रहरीले जनाएको छ ।

## कुलेखानी-फाखेल-फर्पिङ सडक बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीको मार्गअन्तर्गत कुलेखानी-फाखेल-फर्पिङ सडकखण्ड निर्माण तथा मर्मतको काम जारी रहेकोले मंगलबारबाट बन्द भएको छ ।

मकवानपुर हुँदै काठमाडौं जोड्ने कुलेखानी-फाखेल-फर्पिङ सडकको फर्पिङ-टल्कु-हुमाने सडक खण्डअन्तर्गत लामा गाउँदेखि टल्कु बोसिन्डोलसम्मको भागमा कालोपत्रेको क्रममा कुलेखानी-फाखेल-फर्पिङ सडक बन्द भएको हो । दक्षिणकाली नगरपालिकाले कुलेखानी-फाखेल-फर्पिङ सडकको लामागाउँदेखि टल्कु बोसिन्डोलसम्मको तीन किलोमिटर सडक कालोपत्रे गर्ने कार्य मंगलबारबाट सुरु गर्न लागेको जानकारी दिएको छ ।

दक्षिणकाली नगर पालिकाको लामागाउँदेखि टल्कु बोसिन्डोलसम्मको सडक कालोपत्रेको क्रममा अर्को सूचना नभएसम्मका लागि सडक बन्द गरिएको प्रहरीले जनाएको छ । अर्को सूचना जारी नभएसम्मको लागि सडक भएर गुड्ने सवारी साधन वैकल्पिक सडक प्रयोग गर्नुहुन आग्रह गरिएको छ ।

सडक खण्डको हुमाने भन्ज्याङदेखि लामागाउँ पीपलबोटसम्म यसअघि कालोपत्रे गर्ने कार्य सम्पन्न भएकोमा दोस्रो चरणको लामागाउँदेखि टल्कु बोसिन्डोलसम्मको सडक कालोपत्रे गर्न लागिएको हो ।

फाखेल-फर्पिङ सडकखण्ड यसअघि १५ फागुनसम्म बन्द गरिएको थियो । इन्द्रसरोवर गाउँपालिकाले सूचना निकालेर सडक खण्डको मकवानपुरतर्फको भाग निर्माण कार्य रहेकाले बन्द हुने जानकारी गराएको थियो ।

कुलेखानी, हुमाने, फाखेल सडक र हुमाने मातातीर्थ हुँदै काठमाडौंको टेकु जोड्ने सडक निर्माण र स्तरोन्नति गर्न बन्द गरिएको थियो । इन्द्रसरोवर गाउँपालिकाका सूचना अधिकारी दीपक चापागाईंका अनुसार यसअघि १६ माघबाट दुई महिनासम्म बन्द गरिएको हो ।





हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्यांस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३



Education is the real treasure

## We are hiring...

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity. We are looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. **Secondary & Basic Level Faculty :** *Social Studies, Mathematics, Computer Science, English, Science, Nepali, 'Health, Physical & Creative Arts',English Phonics, Nepali Phonics*
2. **School Counsellor**
3. **Officers:** *Event Management, IT Administration, Human Resource*
4. **ECA Instructor :** *Art & Craft, Music, Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing*
5. **Assistants :** *IT Administration, Computer Operator, Front Desk*
6. **Hostel Staffs :** *Cook, Helpers, Gardener* **( भान्से, सहयोगी र माली )**

For further details, please visit **www.hetaudaacademy.edu.np/vacancy**

Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 6. Preference will be given to well trained and experienced candidates in related areas.

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at ***hr@hetaudaacademy.edu.np*** with 2 references and expected salary not later than **9 April 2024**.

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना